"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive

ललितपुर
Lalitpur
३ प्रदेश, नेपाल
Province 3, Nepal

फोनः ०१-५२०३५९२
Phone: 01-5203592

पत्र संख्या
च.नं.

विषय : प्रस्ताव पेश गर्ने सम्बन्धमा

मिति : २०७५।१२।०५

श्री सामुदायिक विद्यालयहरु सबै
महालक्ष्मी नगरपालिका, ललितपुर

उपयुक्त सम्बन्धमा आ.व. २०७५।७६ का लागि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तरगत सशर्त अनुदानका रुपमा यस महालक्ष्मी नगरपालिकालाई कार्यक्रम संशोधन पछि प्राप्त भएका तपशील बमोजिमका कार्यक्रमहरु शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ बमोजिम देहाय अनुसारको आधार सहित १५ दिन भित्र प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. विद्यालय भवन निर्माण ( अघिल्लो आ.व. को क्रमागत ४ कोठे भवन सहित फर्निचर निर्माण )**

- आ.व. २०७४।७५ मा निर्माण सम्पन्न भई बाँकी रहेका ४ कोठे भवनको निर्माण सम्पन्न गर्नका लागि यस वर्ष थप १८ लाख विद्यालयलाई उपलब्ध गराउने कार्यक्रम रहेको ।
- यसका लागि अघिल्लो आ.व.मा भए गरेका कामको विवरण र कागजात शिक्षा विकास तथा समन्वय इकाईबाट लिई माग गर्नुपर्ने ।
- अघिल्लो वर्ष भएको कामको मूल्याङ्कन गरी सो वर्ष दिइएको अनुदान रकम बराबर ( जनसहभागिता अंश सहित ) को मूल्याङ्कन पुगेमा पहिलो किस्ताको रकम उपलब्ध गराइने ।

**२. पानी तथा स्वास्थ्य र सरसफाइ सुविधा सहितको शौचालय निर्माण (रु ७ लाख बराबरको एउटा कार्यक्रम रहेको)**

- हालसम्म कुनै पनि किसिमको शौचालय तथा खानेपानीको व्यवस्था नभएको विद्यालय तथा छात्रा शौचालयका हकमा सबै विद्यालयमा छात्रा शौचालय पुऱ्याउने नीति अनुरुप एउटा पनि छात्रा शौचालय नभएको विद्यालय ।
- विद्यार्थी संख्या अत्यधिक भई एक भन्दा बढी बाहिरी वातावरण सुधार तथा छात्रा शौचालयको आवश्यकता भएको विद्यालय ।
- माथि उल्लेखित आधार सहित आवश्यकता रहेको व्यहोराको विद्यालय व्यवस्थापन समितिको निर्णय ।

**३. २ कोठे कक्षाकोठा सहित फर्निचर निर्माण ( फर्निचर/लाइब्रेरी समेतका लागि जम्मा १६ लाखको एउटा कार्यक्रम रहेको )**

- यस कार्यक्रमका लागि विद्यालयले आवश्यकता भएको कुरा विद्यालय सुधार योजनामा उल्लेख भएको वा विद्यालय व्यवस्थापन समितिले विद्यालयको आवश्यकता रहेको सम्बन्धि निर्णयबाट माग गरेको हुनुपर्ने ।

०५।१२।०५

- माग भएका आधारमा नगरपालिकाले सबैभन्दा बढी आवश्यकता भएको विद्यालयलाई उपलब्ध गराउने

**४. विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान ( सबै विद्यालयले अनिवार्य पेश गर्नुपर्ने, रु ५०००० बराबरको ३ वटा कार्यक्रम रहेको )**

- विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ मा उल्लेखित कार्यसम्पादन मूल्याङ्कन सूचकका आधारमा विद्यालयले प्रस्ताव पेश गर्ने । उक्त निर्देशिका शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइटमा रहेको ।
- अनुदान प्राप्त भएमा शैक्षिक गुणस्तर सुधारका क्षेत्र पहिचान गरी खर्च गर्ने व्यहोराको सिफारिस गरिएको विद्यालय व्यवस्थापन समितिको निर्णय ।
- यस प्रकारको अनुदानका लागि विद्यालयले शिक्षण सिकाइ समय मापन सम्बन्धि कार्यविधि, २०७४ लागू गरेको सुनिश्चितता गर्नुपर्ने ।
- प्राप्त प्रस्तावका आधारमा विद्यालयको कार्यसम्पादन स्तरको मूल्याङ्कन गरी प्रति विद्यालय रु ५०००० अनुदान उपलब्ध गराइने ।

**५. उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढीकरणका लागि प्रोत्साहन अनुदान ( सबै माध्यमिक विद्यालयले अनिवार्य पेश गर्नुपर्ने, रु २ लाखको एउटा कार्यक्रम रहेको )**

- शैक्षिक वर्ष २०७४ मा एस.ई.ई परीक्षामा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क
- कक्षा ९ मा भर्ना भएका विद्यार्थी संख्या ( रजिष्ट्रेसनका आधारमा )
- विद्यालयको औषत सिकाइ उपलब्धि
- एस.ई.इ. परीक्षामा उत्तीर्णाङ्क प्रतिशत
- एस.ई.ई. परीक्षामा समावेश गराइएको विद्यार्थी संख्या
- माथि उल्लेखित विवरण सहित सिकाई उपलब्धिमा थप वृद्धि गर्न र आफ्ना असल अभ्यासहरु न्यून सिकाई उपलब्धि भएका विद्यालयहरुलाई अनुभव आदानप्रदान गर्नका लागि प्रवर्तनात्मक क्रियाकलाप सहितको प्रस्तावपत्र पेश गर्ने ।

**६. शिक्षण सिकाईमा बिताउने सिकाई समयावधि सुधार योजना कार्यान्वयन अनुदान ( ५ वटा विद्यालय, प्रति विद्यालय २ हजारका दरले )**

- सबै सामुदायिक विद्यालयहरुले शिक्षक विद्यार्थी नियमितता मार्फत शिक्षण सिकाई समयलाई अधिकतम उपयोग गरी प्रभावकारी शिक्षण सिकाई क्रियाकलापमा शिक्षकको जवाफदेहिता तथा विद्यार्थी सिकाई उपलब्धि अभिवृद्धिमा सहजीकरण गर्ने गरी शिक्षण सिकाई मापन/कार्यान्वयन कार्यविधि २०७४ का आधारमा कार्यसम्पादन गर्ने तथा सो कार्यविधि लागू गर्ने निर्णय विद्यालय व्यवस्थापन समितिबाट भै आउनु पर्ने ।
- सो कार्यविधि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.doe.gov.np मा रहेको ।

**७. माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन ( फिक्सिङ, किताब खरिद तथा इ पुस्तकालय समेतका लागि रु ६५०००० को एउटा कार्यक्रम रहेको )** अनुदान प्राप्त गर्नका लागि तपशील बमोजिमका आधार सहित माग गर्ने ।

- विद्यालयमा लाइब्रेरी नभएको
- गत विगत वर्षमा लाइब्रेरी व्यवस्थापन अनुदान प्राप्त नगरेको

२०७५/१२/०५

- माध्यमिक तहमा भएका विद्यार्थी संख्या
- लाइब्रेरी व्यवस्थापनका लागि कक्षाकोठा रहेको
- माथि उल्लेखित विवरणका साथमा र माथि उल्लेखित आधार सहित विद्यालयलाई आवश्यकता रहेको व्यहोराको विद्यालय व्यवस्थापन समितिको निर्णय ।

**८. शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग ( कम्प्यूटर, इन्टरनेट, कनेक्टीभिटी तथा किट्स खरिदका लागि रु ६५०००० बराबरका २ वटा कार्यक्रम रहेको ) अनुदान प्राप्त गर्नका लागि तपशील बमोजिमका आधार सहित माग गर्ने ।**

- आइ.सी.टी. को व्यवस्था नभएको
- गत विगत वर्षमा आइ.सी.टी. व्यवस्थापन अनुदान प्राप्त नगरेको
- माध्यमिक तहमा भएका विद्यार्थी संख्या
- आइ.सी.टी. व्यवस्थापनका लागि कक्षाकोठा रहेको
- इन्टरनेटको पहुच भएको र विद्युतको नियमित आपूर्ति भएको
- विद्यालयले माध्यमिक तहमा गणित, अङ्ग्रेजी र विज्ञान विषय अध्यापन गरिरहेका शिक्षकको आइ.सि.टी. का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण
- माथि उल्लेखित विवरणका साथमा र माथि उल्लेखित आधार सहित विद्यालयलाई आवश्यकता रहेको व्यहोराको विद्यालय व्यवस्थापन समितिको निर्णय ।

**९. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना (रु ६५०००० बराबरका २ वटा कार्यक्रम रहेको) अनुदान प्राप्त गर्नका लागि तपशील बमोजिमका आधार सहित माग गर्ने ।**

- विज्ञान प्रयोगशाला नभएको
- गत विगत वर्षमा विज्ञान प्रयोगशाला व्यवस्थापन अनुदान प्राप्त नगरेको
- कक्षा ( ११-१२) मा विज्ञान पढाई भएको, प्राविधिक धार सञ्चालन रहेको भए सो को जानकारी
- माध्यमिक तहमा भएका विद्यार्थी संख्या
- विज्ञान प्रयोगशाला व्यवस्थापनका लागि कक्षाकोठा रहेको
- विद्यालयको स्थापना भएको मिति
- यदि यस शीर्षकमा माध्यमिक विद्यालय छनौट नभएमा आधारभूत तह ( ६-८ ) सञ्चालित विद्यालयलाई माथि उल्लेखित आधारमा छनौट गरिने ।
- माथि उल्लेखित विवरणका साथमा र माथि उल्लेखित आधार अनुसार विद्यालयलाई आवश्यकता रहेको व्यहोराको विद्यालय व्यवस्थापन समितिको निर्णय ।

**१०. गणित विज्ञान र अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामाग्री किट्स अनुदान ( रु ५०००० को एउटा कार्यक्रम रहेको )**

- गत विगत वर्षमा यस प्रकृतिको अनुदान नपाएका विद्यालयले आधारभूत तह कक्षा ६–८ का लागि पाठ्यक्रम विकास केन्द्रबाट विकास एवम् स्वीकृत भएका गणित, विज्ञान र अङ्ग्रेजी विषयका सामाग्रीहरु व्यवस्था गर्न विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम माग गर्ने ।

२०७५।१२।०५